नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुरको

## २०७३ सालको कक्षा १२ को मौका परीक्षासम्बन्धी अत्यन्त जरूरी सूचना

साविक उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयमा २०७२ सालमा रजिष्ट्रेशन भएका (रजिष्ट्रेशन नम्बरको पहिलो दुई अङ्क ७२ भएका) र परिषद्बाट २०७२ सालमा लिइएको कक्षा ११ को परीक्षामा नियमित परीक्षार्थीको रूपमा सम्मिलित भई सबै विषय उत्तीर्ण वा २०७२ सालको कक्षा ११ को मौका परीक्षामा उत्तीर्ण गरेका तथा २०७३ सालको बैशाख महिनामा सञ्चालित कक्षा १२ को नियमित परीक्षामा सहभागी भई कुनै एक विषयको सैद्धान्तिक तर्फ मात्र अनुत्तीर्ण/अनुपस्थित भएका विद्यार्थीहरुको मौका परीक्षा सञ्चालन गरिने भएको हुँदा **२०७३ असोज मसान्त भित्र तोकिएको दस्तुर बुझाई** मौका परीक्षाका लागि परीक्षा आवेदन फाराम भरी सम्बन्धित विद्यालयका प्र.अ./प्राचार्यबाट प्रमाणित गराई निम्नलिखित स्थानहरूमा बुझाउन हुन सम्पूर्ण विद्यालयहरूलाई सूचित गरिन्छ ।

१. पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत मेची र कोशी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, बरगाछी, मोरङ्ग ।

२. पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सगरमाथा अञ्चलका (सोलुखुम्बु जिल्लाका परीक्षार्थीहरूबाहेक) विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय लहान, सिराहा ।

३. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर अञ्चलका सिन्धुली, धनुषा महोत्तरी र सर्लाही जिल्लाका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय जनकपुर, धनुषा ।

४. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत नारायणी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय हेटौंडा, मकवानपुर ।

५. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत बागमती अञ्चलका सम्पूर्ण र दोलखा, रामेछाप तथा सोलुखुम्बु जिल्लाका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, सिनामंगल, काठमाण्डौं ।

६. पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी र धौलागिरी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, पोखरा, कास्की ।

७. पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालय, बुटवल, रूपन्देही ।

८. मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, घोराही, दाङ्ग ।

९. मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत भेरी र कर्णाली अञ्चलका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, कोहलपुर, बाँके ।

१०. सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत कैलाली र कञ्चनपुर जिल्लाका विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, धनगढी, कैलाली ।

११. सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत बाजुरा, बझाङ्ग, **अछाम, डोटी, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लाका** विद्यालयका परीक्षार्थीहरूले राष्ट्रिय परीक्षा बोर्डको शाखा कार्यालय, डडेल्धुरा ।

१२. मौका परीक्षामा सहभागी हुने परीक्षार्थीहरूको परीक्षा परीक्षा आवेदन फारम **मिति २०७३ आश्विन मसान्त भित्रको बैक भौचर/ड्राफ्ट सहित २०७३ कार्तिक २ गते भित्र** राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित शाखा कार्यालयहरूमा अनिवार्य रूपमा बुझाउनु पर्ने छ । **२०७३ आश्विन मसान्तभित्र** परीक्षा आवेदन शुल्क बुझाउन छुट भएका परीक्षार्थीहरूको हकमा **मिति २०७३ कार्तिक २ गते भित्र दोब्बर शुल्क सहितको बैक भौचर/ड्राफ्ट** सहित **२०७३ कार्तिक ३ गतेभित्र** सम्बन्धित शाखा कार्यालयहरूमा अनिवार्य रूपमा बुझाउनु पर्ने छ । तत् पश्चात प्राप्त भएका आवेदन फाराम उपर कुनै कारवाही हुने छैन ।

१३. परीक्षाका लागि आवेदन फारामसाथ कक्षा ११ उत्तिर्ण भएको मार्कसीट र कक्षा १२ को मार्कसीट वा मार्कलेजरको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति र परीक्षा शुल्कवापत रु. ६००।- (विलम्ब शुल्क रहित) नगदै वा बैङ्क भौचर वा राष्ट्रिय परीक्षा बोर्डको नामको ड्राफ्ट संलग्न गरी पेश गर्नुपर्ने छ ।

उक्त परीक्षार्थीहरूको परीक्षा मिति **२०७३ कार्तिक ६ गते शनिबार** (तद्नुसार २२ अक्टोबर, २०१६) बिहान ११:०० बजेदेखि २:०० बजेसम्म सञ्चालन हुनेछ । परीक्षा केन्द्रसम्बन्धी सूचना पछि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

***साथै Additional (अतिरिक्त) विषयमा भने मौका परीक्षा दिन नपाउने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।***

**पुनश्च:** # यस राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरूले समेत यसै सूचनालाई आधार मानी आ-आफ्नो क्षेत्र भित्रका विद्यालयहरूलाई माथि तोकिए अनुसारकै समय भित्र मौका परीक्षाको परीक्षा आवेदन फाराम वापतको शुल्क र फारम बुझाउन लगाउनुहुन जानकारी गराइन्छ ।

# कक्षा १२ को नतिजा प्रकाशन गर्दा कुनै परीक्षार्थीको परीक्षामा उपस्थित भएको तर लेजर वा मार्कसीटमा अनुपस्थित ( Absent) भएर गएको छ भने राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयमा प्रवेश-पत्रको प्रतिलिपि सङ्लग्न गरी निवेदन दर्ता गराउन हुन समेत जानकारी गराइन्छ ।

**- परीक्षा नियन्त्रक**